# दाम्पत्य जीवनका समस्या र चुनौतीहरू : सन्दर्भमा पूर्ण राईका कथा

– डा देवचन्द्र सुब्बा

**सार** – सबै धर्मका शास्त्रहरूमा विवाहबारे चर्चा गरिएको छ। कतिले यसलाई दैविक घटना र कतिले सामाजिक सम्झौताका रूप मान्छन्। समाजको विचारधारा र सांस्कृतिक मान्यताका आधारमा विवाहको विश्लेषण गरिएको पाइन्छ। आजभन्दा बीस–तीस वर्ष अघि विवाहलाई जुन संस्कार र महत्त्वका दृष्टिले हेरिन्थ्यो आज त्यस दृष्टिकोणमा ठुलो परिवर्तन आइसकेको छ। दाम्पत्य जीवनको परिभाषा परिवर्तन भइसकेको छ। दाम्पत्य जीवनमा आएका परिवर्तनले समाजमा सकारात्मक र नकारात्मक दुवै प्रकारका प्रभाव पारेको छ। मानिसको विचारधारामा आएका परिवर्तनले सामाजिक संरचनामा ठुलो परिवर्तन ल्याएको छ। समाजमा आएको परिवर्तनलाई पुनः मानिसले सामाजिक परिवर्तन भन्दै नयाँ र अनौठा कार्यहरू गर्दै गइरहेका छन्। आफ्नै विचारको प्रसार गरेर त्यसबाट आएको प्रतिक्रियालाई व्यवस्था भन्दै आफ्नै विचारधाराको चक्रमा घुमेका मानिसले परिवर्तनका नाममा मूल्य र मान्यताहरूमाथि प्रहार गरिरहेका छन्। त्यसमध्ये दाम्पत्य जीवन पनि एउटा हो। परिवर्तन र सामाजिक विकासका नाममा सबैभन्दा ठुलो समस्या अहिले दाम्पत्य जीवनमा देखिन्छ। त्यही समस्या अनि चुनौतीहरूबारे पूर्ण राईका कथाहरूको सन्दर्भमा यो लेख तयार गरिएको छ।

**बीज शब्द** – दाम्पत्य जीवन, विवाह, समय, सामाजिक मूल्य।

### १. समय र दाम्पत्य जीवन

समयलाई वैज्ञानिकहरूले गम्भीरतापूर्वक अध्ययन गरिरहेका छन्। यसको चरित्र, स्वरूप र

प्रकार्यबारे प्रमात्रा स्तरमा अध्ययन भइरहेको छ। मानिस भाषा, संस्कृति र समयदेखि पर छैन। समयको प्रभाव र यसका गतिअनुसार मानिस निरन्तर परिवर्तन भइरहन्छ। यसैलाई विकास पनि भनिन्छ। समयसँगसँगै मानिसमा परिवर्तन आउँछ। उसको विचारधारा, जीवनशैली, दृष्टिकोण र व्यवहारबाट यो प्रमाणित हुन्छ। प्रकृति भौतिकीको नियमदेखि पर छैन। यहाँ भएका सम्पूर्ण प्राणी, जड आदि भौतिकीको नियमका परिधिभित्र पर्छन्। मूलतः प्रकृतिमा वस्तुहरू पदार्थ (matter) अनि ऊर्जा (energy) बाट निर्मित छन्। समय, प्रकाश, गति आदि ऊर्जा हुन् भने मानिस पदार्थबाट निर्मित विषय हो, यद्यपि यी दुवैको मिश्रण सर्वत्र पाइन्छ। मानिसको शरीर पदार्थ हो भने विचार ऊर्जा हो। त्यसैले मानिसलाई भौतिकीको नियमले सदैव घेरिराखेको हुन्छ।

जीवनका थुप्रै चरणहरू छन्। लौकिक दृष्टिले मानिसको जन्म भएदेखि उसको जीवन यात्रा आरम्भ हुन्छ। यसलाई बाल्यावस्था, युवावस्था अनि वृद्धावस्था भनेर छुट्ट्याउन सकिन्छ। मानिसले युवावस्थामा पुगेपछि आफ्नो दाम्पत्य जीवन सुरु गर्नु पर्ने हो तर अपवाद स्वरूप बाल विवाह अनि वृद्धावस्थामा पनि दाम्पत्य जीवन सुरु भएको देखिन्छ। दाम्पत्य जीवन सुरु गर्ने निश्चित उमेर यही हो भनेर किटान गर्न सकिँदैन तर यहाँ अध्ययन सुविधाका लागि युवावस्थालाई नमुनाका रूपमा लिइएको छ। यी अवस्थाहरूलाई आरम्भ, मध्य र अन्त भनेर राख्न सकिन्छ। जीवन अनिश्चित भएकाले मानिसको जीवन सदैव यही त्रिकोणात्मक रूपमा नै गतिशील हुन्छ भनेर निश्चित रूपमा भन्न सकिँदैन। यद्यपि अधिकांश जीवन समकोणी त्रिभूजका रूपमा नै गतिशील भएको देखिन्छ। जीवनको मध्य अथवा युवावस्थाबाट मानिसको जीवन अन्त वा वृद्धावस्थातिर बढ्दछ। आरम्भदेखि लिएर अन्तसम्म पुग्नलाई मानिसले समयको यात्रा गर्नु पर्दछ। यसैबिच मानिसका जीवनमा उतार चढाउहरू देखा पर्दछन्। समयलाई प्रमात्रास्तरमा अध्ययन गर्ने वैज्ञानिकहरूले 'समय घुमेको छ' भने।[१] भारतीय महर्षिहरूले हजारौँ वर्षअघि नै यसको गणना गरेर समयको विस्तारपूर्वक चर्चा गर्दै 'समय चक्र'–बारे चर्चा गरिसकेका छन्। समयको यस गतिलाई बुझ्नका लागि हामीलाई भौतिक शास्त्रको ज्ञान हुन आवश्यक छ तथापि साहित्यले पनि समयको अध्ययन विषयगत रूपमा गर्न सक्छ। प्रमात्रा अथवा क्वान्टम स्तरमा झैँ गणितीय सूत्रका आधारमा साहित्यमा यसको अध्ययन हुन नसके तापनि 'वैचारिक मात्रा'–का आधारमा यसको संरचनाबारे अध्ययन गर्न सकिन्छ। वैवाहिक जीवनमा देखा पर्ने समस्या र चुनौतीहरूलाई 'समय चक्र'–को एउटा राम्रो उदाहरण मान्न सकिन्छ। जीवन समयको परिभाषा अथवा समयको रूप हो। यसमा समयलाई नजिकबाट देख्न, चिन्न र अध्ययन गर्न सकिन्छ। तसर्थ मानिस आफ्नो जन्मदेखि नै समयका चक्रमा पर्दछ भने विवाहपछि उसलाई समयको वास्तविक रूप र महत्त्वबारे ज्ञान हुँदछ। वर्तमान युगमा विवाहलाई सामाजिक संस्कारका रूपमा भन्दा धेर सामाजिक औपचारिकताका रूपमा हेर्ने गरिन्छ।

१ स्टाफिन हकिङ, सन् १९९८, **ए ब्रिफ हिस्ट्री अफ् टाइम, क्याम्ब्रिज**, युके, क्याम्ब्रिज युनिर्भसिटी प्रेस, पृ ३४

विवाहलाई यस प्रक्रममा हेर्ने दृष्टिकोण पनि समय चक्रकै अनुरूप भएको बुझिन्छ। आजभन्दा हजार, सय र केही दशक अघिका विवाह र सम्बन्धहरूको समकक्ष आजका वैवाहिक सम्बन्धहरूलाई दाँजेर हेर्दा हजार–शून्य, सय–शून्यको फरक देखिन्छ। तसर्थ नयाँ शताब्दीका नयाँ विचारधाराले समयलाई जुन रूपमा परिभाषित गर्दछन् विषयहरू पनि उस्तै बन्दै जान्छन् साथै नयाँ शताब्दीमा विषयहरू जसरी देखिँदै जान्छन् परिभाषा पनि उस्तै बन्दै जान्छन्। त्यसैले आजका सन्दर्भमा समस्या बनेर देखिने दाम्पत्य जीवन समयानुरूप उस्तै हुनै पर्ने हो र त्यस्तै भइरहेको छ, यद्यपि हामीभित्र बाँचेको संस्कार अथवा अहम्ले त्यसलाई नयाँ रूपमा हेर्न चाहँदैन। अतः समयका गतिमा नयाँ विचारधाराको प्रादुर्भाव हुनाले र त्यस नयाँ विचारधाराले जन्माएका नयाँ कार्यशैली, जीवनशैलीलाई पुराना संस्कारका दृष्टिकोणले हेरिनाले नै वैवाहिक जीवनमा समस्याहरू देखा पर्दछन्।

सैद्धान्तिक रूपले समय छ र छैन भन्ने दुवै थरी मत पाइन्छन्। शास्त्रीय पद्धतिमा समयको चर्चा भए तापनि समय छैन भन्ने पक्षका तर्कहरू पनि उत्तिकै प्रबल छन्। दुवै मत उस्तै उस्तै भए पनि संसारका अधिकांश मानिसहरू समयको अस्तित्व स्वीकार गर्दछन्। संसारका प्रत्येक मानिस समय चक्रदेखि अलग छैन। समयका गतिमा जीवनका थुप्रै घटकहरू परिवर्तन हुन्छन्। एउटा युगमा उठेको विचारधारा अर्को युगसम्म आइपुग्दा परिवर्तन भइसकेको हुन्छ र नयाँ युगमा नयाँ विचारधाराहरू प्रवाहित हुन्छन्। तर कति संयोजन यस्ता हुन्छन् जसले गर्दा त्यहाँ आएर पुराना अनि नयाँ विचारहरूमाझ प्रतिस्पर्धा जन्मन्छ। यसैले जीवनमा तनाउ र समस्याहरू उत्पन्न गर्दछ। यो संयोजन वा सन्धिकेन्द्र वैवाहिक जीवन हो। यहाँ पुराना र नयाँ युगका विचारधाराहरूको प्रतिस्पर्धा हुँदा नै दाम्पत्य जीवन अथवा वैवाहिक जीवनका समस्याहरू उत्पन्न भएको देखिन्छ। मूलतः यो समयको सङ्क्रमणको चरण हो भन्दा हुन्छ। जीवनका विभिन्न चरणहरूको चर्चा उपर्युक्त परिच्छेदमा गरियो। यसमा समय एक नासले बगिरहेको हुन्छ तर समयमा देखा पर्ने विचारधाराहरूले 'समयकण'–लाई पनि केही सीमासम्म प्रभावित पार्दछन् जब युवा युवती दाम्पत्य जीवनमा प्रवेश गर्दछन् तब दुवैजनाले आआफ्ना अतीतका समय बिर्सेर नयाँ समयको नयाँ विचारलाई स्वीकार गर्नु पर्ने हुन्छ। यसबिच दुईजनामध्ये कसै एकजनाले आफ्नो बितेको समयलाई साथ लिएर नै अघि बढ्ने प्रयत्न गऱ्यो भने त्यस सम्बन्धमा समस्या अवश्य नै उत्पन्न हुन्छ। त्यसैले जन्म अनि मृत्युबिचको समय नै जीवन हो भने त्यसमा वैवाहिक समय जीवनको मध्यस्थ भाग हो अनि यसले जीवनरूपी कथाको निष्कर्ष तयार गर्दछ।

### २. विवाह र यसको चिन्तन

विवाह शब्द संस्कृतको 'वहु प्रापणे' धातुमा 'वि' उपसर्ग र 'घञ' प्रत्यय लागेर निर्माण भएको शब्द हो। यसको अर्थ कुनै वस्तुलाई वहन गर्नु भन्ने हुन्छ। यहाँ 'वि' उपसर्गले विशेष प्रकारले भन्ने अर्थ

बुझिन्छ तसर्थ विशेष प्रकाले कुनै वस्तुलाई ग्रहण गर्नु नै विवाह हो भन्ने यसको व्युत्पतिगत अर्थ हुन्छ।[२] विवाहको सम्बन्धमा चर्चा गर्दा यहाँ वस्तुले वधु वा बेहुलीको सङ्केत गरेको हुनाले यस अर्थमा पनि पितृसत्तात्मक धारणा लिप्त देखिन्छ। मानव समाजको सबैभन्दा मुख्य संस्कार विवाह हो। नामकरण अथवा न्वारान, विवाह संस्कार र मृत्यु संस्कार मानव जीवनका आरम्भ विकास र अन्त्यका कार्य हुन्। यस त्रिकोणात्मक संरचनामा नै जीवनको परिभाषा पाइन्छ। त्यसैले महर्षि बौधायनले आफ्नो प्रमेय वा थ्योरममा भनेका छन्–

दीर्घचतुरश्रस्याक्ष्णया रज्जुः पार्श्वमानी तिर्यग् मानी च यत् पृथग भूते कुरूतस्तदुभयं करोति।।

अर्थात् – विकर्णबाट कुनै डोरी तान्यो भने त्यसमा बन्ने क्षेत्रफल ऊर्ध्व भुजामा बनिएको वर्ग तथा क्षैतिज भुजामा बनिएको योग बराबर हुन्छ। यो प्रेमय पाइथागोरसको $a^2+b^2=c^2$ को सिद्धान्तभन्दा अघिको हो। यो अन्य विषय भए तापनि जीवन पनि समकोणी त्रिभुजजस्तै कार्यान्वित हुन्छ जसमा जन्म+विवाह=मृत्यु–को फल देखिन्छ। ऋग्वेदमा जुन व्यक्तिले विवाह गर्दैन ऊ अपवित्र हो र यज्ञादिमा उसलाई कुनै स्थान छैन भन्ने वर्णन पाइन्छ। त्यसै कारण प्राचीन ब्रह्मर्षिहरूले विवाह गरेका थिए जसमा वशिष्ठदेखि विश्वमित्रसम्मको नाम पाइन्छ। विवाह गर्ने कामना प्रकृति सिद्ध हो। पुराण कथाअनुसार सृष्टिभन्दा अघि महाशून्यमा एउटा सुनको अन्डा लाखौँ वर्षसम्म तैरिएर बस्यो अनि जब त्यो फुट्यो तब त्यहाँबाट निस्केको व्यक्तिले आफूलाई एक्लै पायो। उसले आफै एक्लो भएको देखेर 'एकोहं बहुस्याम' भन्दा सारा सृष्टिको निर्माण भयो। त्यसैले एकबाट अनेक हुँदै जाने प्रक्रियाले नै सृष्टिचक्रलाई सन्तुलित बनाउँछ अनि यस प्रथालाई निरन्तरता दिनका लागि नै समाजमा विवाह प्रथाको निर्माण भयो। विवाह हुनाको पछि अर्को कारण मानिसको स्वरक्षा र स्ववृद्धिको प्रवृत्ति पनि हो। मानिसले सदैव आफूलाई सुरक्षित वा अमर होस् भन्ने कामना गरिरहेको हुन्छ। त्यसका साथै आफू सम्पन्न होस् वा आफ्नो वृद्धि होस् भन्ने पनि कामना गर्दछ। यस कामनाको पूर्ति केवल विवाहबाट नै सम्भव हुने हुँदा विवाह प्रथा सुरु भएको अध्येताहरू मान्दछन्। फलस्वरूप हाम्रा सन्तानहरू हाम्रै रूप र वृद्धि हुन्।

भारतवर्षमा कुनै यस्तो युग थियो जहाँ विवाह बन्धनको आवश्यकता थिएन। महाभारतको अध्ययनमा के थाहा पाइन्छ भने उत्तर कुरु देशमा विवाह बन्धनको कुनै नियम थिएन। स्त्रीहरू स्वतन्त्र थिए। आफ्ना इच्छाले घुम्थे, घर बस्दैन थिए। स्वतन्त्र रूपमा व्यभिचार गर्थे तर यसो गर्नु पाप मानिँदैन थियो। त्यस कालमा यसो गर्नु धर्म नै थियो। ठुला ठुला महर्षिहरू यस प्रथाका प्रशंसक थिए। एकपल्ट

२ कृष्णदेव उपाध्याय, सन् १९७४, **हिन्दू विवाह की उत्पत्ति और विकास**, वाराणसी, भारतीय लोक संस्कृति शोध संस्थान, पृ १०

ऋषि उद्दालकका छोरा श्वेतकेतुले आफ्ना बाबुकै अघाडिबाट आफ्नी आमालाई कुनै एकजना युवकले हात समातेर जङ्गलतिर लगेको देखे। यो देखेर उनलाई साह्रै नराम्रो लाग्यो। त्यसपछि उनले यो प्रथा बन्द गरिदिए अनि वैवाहिक नियमको सूत्रपात गरिदिए। यो कथा महाभारतको आदिपर्वअन्तर्गत १२२औँ भागमा राखिएको छ। महाभारतको सभापर्वमा वर्णन गरिएअनुसार माहिष्मती (मान्धाता, मध्यप्रदेश) नगरीमा अग्निदेवताको वरदानका कारण त्यहाँका स्त्रीहरू स्वतन्त्र र स्वच्छन्द भएर रहन्थे। उनीहरूमाथि कुनै प्रकारको नियन्त्रण थिएन र उनीहरू स्वैरिणी भएर स्वेच्छाले व्यभिचार गर्दथे भनेर लेखिएको छ। यी विषयहरूले भारतमा कुनै समय सामाजिक व्यवस्था वा अवस्था यस्तो थियो जहाँ विवाह बन्धनको कुनै प्रथा थिएन भन्ने सङ्केत गर्दछन्। यद्यपि वेदमा विवाहलाई उच्च कर्म मानिएको हुँदा उपर्युक्त विषयका आलोचकहरू पनि छन् र उनीहरू यसलाई काल्पनिक कथाका रूपमा हेर्दछन्। प्राचीन भारतमा विवाहको प्रथा थिएन भन्ने तथ्य गलत पनि हुन सक्तैन किनभने यसमा भएको संशोधित रूप आर्य संस्कृतिमा बहुविवाहका रूपमा अझै बाँचिरहेको छ भन्ने अध्येताहरू मान्दछन्।[३] ऋग्वेदको दसौँ मण्डलको ९५ औँ सूक्तको १-१७ सम्मका ऋचाहरूमा पुरुरवा र उर्वशीको कथाको प्रसङ्ग छ। यसमा पुरुरवा र उर्वशीको 'अस्थायी विवाह वा सम्बन्ध'-को चर्चा पनि पाइन्छ तर वेदमा यस प्रथाबारे धेर लेखिएको छैन।[४] अस्थायी विवाहको आधुनिक रूप सहनिवासी सम्बन्ध (लिव-इन रिलेसनसिप) हुन सक्छ। स्मृतिहरूमा पनि विवाहका विभिन्न प्रकारहरूबारे चर्चा गरिएको पाइन्छ तर विवाहको उत्पत्तिबारे चर्चा पाइँदैन। वेद, रामायण र महाभारतमा यसको चर्चा पाइन्छ। तारण्य महाब्राह्मणको कथाअनुसार आरम्भमा आकाश र धरती एउटै थियो तर पछि उनीहरू अलग भए अनि अब हामीले बिहे गरेर सहवास गर्नु पर्छ भनेर दुवैले बिहे गरे। तर यस कथामा पनि विवाहको उत्पत्तिबारे जानकारी पाइँदैन तथापि विवाह एक पक्षको मात्र हुँदैन, यसका लागि दुई पक्ष हुनु आवश्यक छ भन्ने र ती दुई पृथकधर्मी हुनु पर्छ भन्ने सङ्केत पाइन्छ।

> इमौ वै लोकौ सहास्तां तौ विन्यास्तावभूतां विवाहं
> विवाहवदै सह नावस्त्विति।
>
> तारण्य महाब्रह्मण ७/१०/१

ऋग्वेदमा 'विवाह सूक्त' पाइन्छ। यसमा विवाह कर्मलाई अति नै उच्चकोटिको संस्कार मानिएको छ। यस सूक्तमा चन्द्र र सूर्यको विवाहको रोचक प्रसङ्ग छ। त्यसरी नै अथर्ववेदमा पनि विवाहको प्रसङ्ग पाइन्छ।[५] अतः जब पश्चिममा स्त्री भोगको विषय थियो त्यसताक भारतीय संस्कृतिमा विवाह पवित्र र

३ कृष्णदेव उपाध्याय, सन् १९७४, **हिन्दु विवाह की उत्पत्ति और विकास**, पूर्ववत्, पृ २०

४ तिलकप्रसाद लुइँटेल (अनु) **ऋग्वेद**, काठमाडौँ, विद्यार्थी पुस्तक भण्डार, पृ ९६७

५ तिलकप्रसाद लुइँटेल (अनु), **अर्थवेद**, काठमाडौँ, विद्याराथी पुस्तक भण्डार, पृ ४३९

महत्त्वपूर्ण संस्कार थियो भन्ने अध्येताहरूले मानेका छन्। भारतीय संस्कृतिमा विवाहको उद्देश्य सदैव धार्मिक तथा आध्यात्मिक रहेको पाइन्छ। विवाहको प्रथम उद्देश्य सन्तान उत्पत्ति र सृष्टिक्रमलाई व्यवस्थित बनाउनु थियो। यद्यपि आज यसलाई सामाजिक आवश्यकताका रूपमा हेरिन्छ।

विवाह एउटा संस्था हो। यो पारिवारिक संस्थानको सबैभन्दा नजिकको निकाय हो। यी दुवै एकाअर्काका परिपूरक छन्। समाज अनि परिवारको स्वीकृतिपछि गरिने यस कार्यलाई सामाजिक, धार्मिक अनि मनोवैज्ञानिक दृष्टिले अध्ययन गरिएको पाइन्छ। मानिसमा नैसर्गिक रूपमा रहेको रक्षावृत्ति र स्ववृद्धिले जीवनक्रम अघि बढिरहेको हुन्छ। म अजर अमर छुइनँ भन्ने ज्ञात हुँदा हुँदै पनि अमर हुने चाहना मानिसको अवचेतन मनमा रहेको हुन्छ। त्यही चाहनालाई कार्यान्वित गर्न उसले आफ्नो गुण, वृत्ति, संस्कारको पुञ्जलाई अर्का रूपमा रूपान्तरित गर्छ। यो प्राकृतिक व्यवस्था हो तर यसका केही नियम र विधिहरू हुन्छन्। ती विधि वा नियमहरूको समष्टि नै विवाह हो। मानिसले आफैलाई अमर बनाउन नसक्ने थाहा पाएपछि ऊ प्रजनन कार्य अघि बढाउँछ। यसका लागि विवाह अनिवार्य हुन्छ। यस दृष्टिकोणले हेर्दा मानिसको स्ववृद्धिकै कारणले वैवाहिक नियम आरम्भ भएको अनुमान गर्न सकिन्छ।

### ३. वैवाहिक जीवनका समस्या र चुनौतीहरू : सन्दर्भ पूर्ण राईका कथाहरू

भारतीय नेपाली साहित्यको आख्यान विधामा पूर्ण राई परिचित नाम हो। भारतीय नेपाली आख्यानमा शीर्ष नाम रूपनारायण सिँह, शिवकुमार राई, इन्द्र सुन्दास र इन्द्रबहादुर राईहरू पहिलो पुस्ताका कथाकारहरू हुन् भने सानु लामा, एडोन रोङ्गोङ, शान्ति छेत्री, पूर्ण राईहरू दोस्रो पुस्ताका कथाकारहरू हुन्। पूर्ण राईका कथाहरू पारिवरिक जीवनमा केन्द्रित छन्। पारिवारिक निकायअन्तर्गत पनि मूलतः लोग्ने स्वास्नीबिच देखा पर्ने समस्याहरू उनका कथाका मूलभूत विशेषता हुन्।

वैवाहिक सम्बन्धमा थुप्रै समस्याहरू आउँछन् वा देखा पर्छन्। यसका थुप्रै कारणहरू छन्। दम्पतीबिचको विश्वासको संरचना र व्यक्तिगत व्यवहारहरूमा आउने परिवर्तनले नै जीवनमा यी समस्याहरू ल्याउँछन्। यस्ता समस्याले पति पत्नीबिचको सम्मान र प्रेम दुवै भावनामा क्षति पुऱ्याउँछ तथापि स्वस्थ सम्बन्धमा रहने दम्पतीले यस्ता समस्याहरू समधान गर्ने प्रयास गर्दछन् तर कतिपय सम्बन्धहरू थुप्रै कारणहरूले गर्दा पुनः जोडिन सक्तैनन्। यी दुवै किसिमका घटनाहरू पूर्ण राईका कथाहरूमा पाइन्छन्। वैवाहिक जीवनका समस्याहरूमध्ये 'प्रतिबद्धताको कमी'[६] एउटा हो। पति पत्नी एकाअर्काबिच कतिपय कुराहरूमा आफ्नो प्रतिबद्धता स्थिर राख्न असफल हुन्छन् जसले गर्दा दुवैमा भुल बुझाबुझ हुन्छ। दम्पतीबिच एकजनाले अर्कालाई दिएको वचन र कर्तव्यको प्रतिबद्धतामा शिथिलता

६ पेट्रिसिया मवासी आमोस अनि एस्तेर मैनीसन, ८ मार्च, २०१३, **इस्युस एन्ड च्यालेन्जेस कनफ्रन्टिङ मेरिड वुमन इन ट्रेर्सरी इन्सटिट्युसन,** www.eajournals.org ३ अगस्त २०१९

आउँदा वैवाहिक जीवनमा समस्या उत्पन्न हुन्छ। पूर्ण राईको 'दुई वक्र रेखाहरू' कथामा यसको राम्रो उदाहरण पाइन्छ। कथाका पात्र मिना र रूद्रको वैवाहिक जीवनको केही समय राम्रो बित्छ तर विस्तारै दुईबिच समस्याहरू देखिन थाल्छन्। रूद्रको परिवार ठुलो भएकाले मिनाले त्यहाँबाट सरुवा हुने प्रस्ताव राख्छे। कम्ती तलबमा त्यत्रो घर चल्न सक्तैन र आउने सन्तानका बारेमा पनि सोच्नु पर्ने मिनाले बताउँछे। रूद्रले सरुवा लिन्छ र उनीहरू भाडाका घरमा बस्न थाल्छन्। रुद्र अफिसबाट केही दिन घरमा ढिलो आउँछ। घरमा छोरो बिमार भएको दिन पनि रूद्र घर ढिलो पस्छ। यसैलाई लिएर दुईबिच झगडा सुरु हुन्छ। यहाँ दुवैले आआफ्नो प्रतिबद्धताबारे ध्यान दिएका छैनन्। पहिलो रूद्रले घर ढिलो आइपुग्छु भन्ने पूर्व सूचना मिनालाई दिँदैन अनि मिनाले पनि रूद्र किन ढिलो आउँदैछ के समस्या छ नसोधी आफ्नो मनमा भएको रिस पोख्छे। यसरी पति–पत्नीबिच समस्या सुरु भएको देखिन्छ। रूद्र र मिनाको झगडा बढेर दुईजना छुटानाम लिने संवादसम्म पुग्छ तर अन्तमा रूद्रले घर छोडेर जान लागेकी मिनालाई सम्झाएर घरमा ल्याउँछ। यहाँ स्वस्थ सम्बन्धले दम्पतीबिच जति नै झगडा वा समस्या भए पनि एकाअर्कालाई सन्तुलित बनाउँछ भन्ने प्रमाणित हुन्छ।

वैवाहिक जीवनको अर्को समस्या 'व्यभिचार वा विश्वासघात' हो। वर्तमान युवा दम्पतीहरूमा यस प्रकारका घटनाले जीवन नै उजाड बनाइदिएका तथ्यहरू समाजभरि पाइन्छन्। मानिसमा विभिन्न इच्छाहरू प्रतिपल जन्म लिइरहन्छन् तरै सबै इच्छाहरू पुरा गर्नै पर्छ भन्ने हुँदैन। मूलतः यो सैद्धान्तिक शब्दगुच्छ मात्रै हो। मानिसको सबैभन्दा ठुलो कमजोरी नै इच्छा हो अनि यसैले मानिसलाई व्यभिचार र विश्वासघात गराउँछ। पूर्ण राईको 'तह नमिलेको जिन्दगी' यस्तै समस्याहरूबाट जीवन लथालिङ्ग भएको कथा हो। थुप्रै अनुसन्धानकर्ताहरूले आफ्ना अनुसन्धानमा महिलाहरूभन्दा पुरुषहरूको धेर अनैतिक सम्बन्ध हुन्छ भन्ने पाए।[७] तर आफ्ना भौतिक र शारीरिक इच्छाहरूको पूर्ति आफ्ना पतिबाट हुन नसक्दा स्त्रीहरूले पनि आफ्नो अवैध सम्बन्ध बनाउँछन्। दुई दम्पतीले एकाअर्कामा गर्ने यस्तो विश्वासघातले वैवाहिक जीवनमा समस्या उत्पन्न गर्दछ साथै यसको निष्कर्ष नकारात्मक हुन्छ। पूर्ण राईको यस कथामा यसको राम्रो उदाहरण पाइन्छ। 'तह नमिलेको जिन्दगी' सामान्य कथा लागे तपानि यस कथाले जीवनको एउटा वास्तविक पक्षलाई देखाएको छ। यसका पात्रहरू सर अनि गुरुमा र पठान हुन्। सर अनि गुरुमाका बिच के के हुन्छ भन्ने पल्लो कोठामा भाडामा बस्ने पठानले सबै सुन्छ। एक रात खुद्राखाद्री समान बेच्ने पठानबारे सर र गुरुमाबिच थुप्रै कुरा हुन्छन् अनि भोलिपल्ट गुरुमाले सरलाई घडी किनिदिने आग्रह गर्छिन्। सरले 'विचार गरूँ न। पैसाको पनि त याद गर्नु पऱ्यो' भन्छ। 'बिहे भएको यत्रो वर्ष भयो एउटा घडी पनि छैन' भन्दै गुरुमा गनगन गर्छिन्। यहाँ घडीले थुप्रै कुराको सङ्केत गरेको छ।

७ डा जिया ए पठान, २ फरवरी २०१५, **एडभर्साइट्स अफ् मेरिटल कनफ्लिक्ट : ए सोसियोलजिकल एनालाइसिस**, www.isorjournals.org, २३ अक्टोबर २०१९

समयको अभाव, सम्पत्तिको अभाव आदि सङ्केतका साथै गुरुमाको इच्छाको प्रबल सङ्केत देखिन्छ। सरले आफ्नी पत्नीलाई माया गर्न खोज्दा गुरुमा तर्किन्छे अनि सरले 'घडी लाउन पाइनौ भनेर?' भनि प्रश्न गर्दा उसले 'अँ! आफ्नी स्त्रीको हरेक इच्छापूर्ति गर्नु पर्छ..प्रत्येक पतिले' भनेर उत्तर दिएकी छिन्। यसले गुरुमाको इच्छा प्रबल भएको बुझिन्छ। त्यसरी नै गुरुमा पठानकाबाट चिजबिजहरू ल्याउँदा सरले धनको मुख रातो हुन्छ पैसा ढिलो भयो भने सर गुरुमा भन्दैन त्यसले भनेर आफ्नी श्रीमतिलाई सम्झाउँदा गुरुमा भन्छिन्, 'अँ भोक लागेको बेला पो खानेकुरा पनि मिठो हुन्छ।' यस संवादमा गुरुमाको इच्छावृत्तिको उच्छृङ्खलता देखिन्छ। तसर्थ वैवाहिक जीवनमा समस्या उत्पन्न हुने कारण अनावश्यक इच्छाहरू हुन् भन्ने प्रमाणित हुन्छ। कथामा कतै पनि गुरुमा र पठानको अनैतिक सम्बन्ध भएको सङ्केत पाइँदैन तर गुरुमाले पठानबाट किस्तीमा भए पनि समानहरू किनेको प्रसङ्ग छ। ती समानहरू किस्तीमै लिएको हो कि गुरुमा र पठानको अनैतिक सम्बन्धका उपहारहरू हुन् भन्नेबारे पाठकले शङ्का गर्ने प्रशस्तै ठाउँहरू छन्। कथाका अन्तमा गुरुमा पठानसँग भागेको रहस्य उद्घाटन हुँदा गुरुमा र पठानबिच अनैतिक सम्बन्ध थिएछ भन्ने पाठकलाई बोध हुन्छ। तसर्थ, वैवाहिक जीवनमा सन्तोषको ठुलो अवकास हुन्छ। इच्छा गर्नु कुनै अनुचित कार्य होइन तर यसको परिपूर्तिका लागि आफ्नो मान्छेलाई विश्वासघात गर्नाले जीवन नै समस्यापूर्ण र विनाशसम्म हुन्छ।

वैवाहिक जीवनमा देखिने समस्याको अर्को कारण 'आर्थिक अभाव' पनि हो। वर्तमान युगमा आर्थिक दृष्टिले सम्पन्न हुनु कुनै पनि परिवारका लागि अति नै अनिवार्य विषय हो। आजको व्यस्त र विलासपूर्ण जीवनशैलीले मानिसको मानसिकता नै परिवर्तन गरिदिएको छ। नहुनेले हुनेको अनि हुनेले अझै धेर हुनेको अनुसरण गरेर मानिसले जीवनलाई भोगवादी बनाएको छ। यद्यपि ससाना व्यावहारिक विषय वस्तुको पूर्तिका लागि आर्थिक अवस्था दरिलो हुन आवश्यक छ। आर्थिक अवस्था कमजोर छ र घरेलु आवश्यकताको पूर्तिमा कुनै विश्रृङ्खलता देखिन्छ भने त्यसबाट पनि वैवाहिक जीवनमा समस्या उत्पन्न हुन्छ। दुई पति पत्नीबिच आर्थिक व्यवस्थाको विषयमा सन्तुलन हुन आवश्यक छ। पूर्ण राईको 'फैसला' कथा दम्पतीबिच आएको तनाउ र त्यसको कारण सानो टिभी रहेको विषयलाई लिएर लेखिएको छ। छोरो अर्काका घरमा टिभी हेर्न गएको र परीक्षामा असफल भएका कारणले घरमा दम्पतीबिच तनाउ सुरु भएको छ। पति छोराको भविष्यका लागि चिन्तित छ भने पत्नी घरमा छोराले भनेको सानो टिभी ल्याउन नसक्ने पतिप्रति आक्रोशित छे। तर पतिलाई टिभी ल्याउन चाहिने जति रुपियाँ पुग्दैन भन्ने थाहा छ। यहाँ दम्पतीबिचको तनाउका कारण पैसा रुपियाँको कमी नै मुख्य रहेको देखाइएको छ। वैवाहिक जीवनमा देखा पर्ने समस्याको एउटा कारण 'संवादमा कमी' आउनु पनि हो। आजका युगमा स्त्री अनि पुरुष दुवैमा आर्थिक र समाजिक रूपले सम्पन्न र प्रबल हुने प्रतिस्पर्धा छ। दुवै आर्थिक रूपले आत्मनिर्भर हुनका लागि काम गर्छन्। यस्तो व्यस्ततापूर्ण जीवनशैलीमा दुईजनाबिच कुनै संवाद

हुनै पाउँदैन। आर्थिक रूपले सम्पन्न हुनाका लागि व्यावहारिक जीवन व्यस्त बन्दछ, पारिवारिक प्रयोजन र सन्तानप्रतिको जिम्मेवारीतर्फ दुवैको ध्यान कम हुँदै जान्छ। त्यसका साथै दुवैमा एकाअर्काबिच के कस्ता समस्याहरू छन्, घर परिवारमा के चल्दैछ आदि विषयबारे संवाद गर्ने समय हुँदैन। यसले गर्दा पनि वैवाहिक जीवनमा समस्या उत्पन्न हुन्छ। पति काम गर्ने र पत्नी घरमा बस्छे भने पतिले पत्नीलाई पनि उत्तिकै समय दिनु पर्ने हुन्छ साथै पति कामले व्यस्त छ भने उसलाई पनि पत्नीले उत्तिकै संवेदनात्मक भएर माया दिनु पर्ने हुन्छ। यसको तात्पर्य दुवैमा प्रेममय संवादको आवश्यकता पर्दछ। यस्तो संवादको कमी हुँदा नै समस्या उत्पन्न हुन्छ।

दाम्पत्य जीवनमा समस्या ल्याउने अर्को कारण 'जिम्मेवारीको परित्याग' हो। आजको व्यस्त जीवनमा पति पत्नी दुवै जीवनमा आत्मनिर्भर बन्नका लागि कुदिरहेका छन्। नारी अनि पुरुष दुवैमा यो प्रवृत्ति देखिन्छ। समाजिक दृष्टिकोणबाट यसलाई सकारात्मक पहल मान्न सकिन्छ तर अर्का पक्षले यसलाई जिम्मेवारीको परित्याग मान्छ। घर परिवार पैसाले मात्र चल्दैन। यो जिम्मेवारी र भावनात्मक सम्बन्धले अघि बढ्दछ। पति वा पत्नी दुवैले आफ्नो जिम्मेवारीको परित्याग गर्दा पनि वैवाहिक जीवनमा समस्या उत्पन्न हुँदछ। 'शारीरिक र भावानात्मक शोषण' पनि वैवाहिक जीवनमा आउने समस्याको एउटा कारण हो। नारी यी दुवै शोषणका सिकार हुन्छन् भने पुरुष मूलतः भावनात्मक शोषणको सिकार भएको हुन्छ। यसले दुवैका मनोविज्ञानमा ठुलो प्रभाव पार्दछ। पतिबाट पत्नी र पत्नीबाट पति कुनै सीमासम्म शोषित हुन्छन्। यसमा सन्तुलन नहुँदा नै वैवाहिक जीवनमा समस्या उत्पन्न हुन्छ। 'यौन समस्या र सन्तानहीनता' यी दुई समस्या वैवाहिक जीवनमा देखा पर्ने मूल समस्या हुन् भनेर समाजले स्वीकार नगर्ला तर यो वैवाहिक जीवनको मुख्य समस्या हो। मानिसको इद् अवस्थामा रहेको काम शक्ति नै जीवनको प्रेरणा हो। यसलाई मनोविश्लेषकहरूले राम्रोसँग विश्लेषण गरेका छन्। मानिसले गर्ने प्रत्येक व्यावहारिक कार्यको पछाडि उसको काम शक्ति नै रहेको हुन्छ। त्यसैले पति पत्नीबिच यौन सन्तुष्टि हुनु पनि आवश्यक छ र यो जीवनका लागि महत्त्वपूर्ण पनि छ। पतिबाट पत्नी अनि पत्नीबाट पतिले आफ्नो यौन तृष्णा पुरा गर्दछन् तर यसमा कुनै असन्तुष्टि भए दुईबिचको सम्बन्धमा समस्या उत्पन्न हुँदछ। यौन सुख प्राप्त गर्नु पति वा पत्नी दुवैको नैसर्गिक प्रयोजन हो।

वैवाहिक सम्बन्धमा बाँधिनाको सबैभन्दा मूल अभिप्राय स्वरक्षा अनि स्ववृद्धि हो। यसका लागि सन्तान उत्पत्ति महत्त्वपूर्ण मानिन्छ। त्यसैले कुनै दम्पतीबिच सन्तान छैन भने पनि पति पत्नीबिच समस्या उत्पन्न हुन्छ। यसलाई दाम्पत्य जीवनमा देखा पर्ने समस्याको मूलभूत कारण मान्न सकिन्छ। आजका धेरै युवाहरू प्रेम र रोमान्सका लागि मात्र विवाह गर्ने गर्छन् तर वैवाहिक जीवनको महत्त्व र यसका आधारहरू बिर्सिन्छन्। भलै उत्साह जीवनमा अपरिहार्य हुन्छ तर यो वैवाहिक जीवनको आधार भने होइन। पूर्ण राईको 'यो तृष्णा यो रहर..' कथामा प्रभाको आन्तरिक यौन इच्छाको प्रतिक्रिया स्वरूप केही

समयका लागि भए तापनि दुई पति पत्नीबिच समस्या वा तनाउ सिर्जना भएको देखिन्छ। पति पत्नी खुल्ला वा स्वतन्त्र रूपले संवाद गर्दा पनि एकाअर्कामा आश्चर्य र आनन्दको छटपटी उत्पन्न हुने कुरा कथामा पाइन्छ। पूर्ण राईका अधिकांश कथाहरू पति पत्नीबिच हुने सामाजिक सम्बन्ध र तनाउहरूलाई केन्द्र गरेर लेखिएका छन्। यद्यपि पति पत्नीको समस्या जस्तोसुकै भए तापनि अन्तमा गएर दुईजनाबिच सल्लाह भएर कथाको अन्त भएको छ। यसले स्वस्थ सम्बन्धमा सन्तुलनयुक्त हुन्छ भन्ने देखाएइको छ।

**४. निष्कर्ष**

वैवाहिक जीवनमा आउने समस्याहरूबारे चर्चापछि यसका चुनैतीहरूबारे पनि ध्यान दिन आवश्यक छ। आजको यस व्यस्त जीवनमा विवाहलाई दीर्घकालसम्म बचाएर राख्नु नै पति पत्नी दुवैका लागि ठुलो चुनौती हो। मनोविश्लेषकहरू भन्छन्, आजको वैवाहिक जीवन यदि दस वर्षसम्म सुचारु रूपले चल्यो भने त्यसलाई सफल वैवाहिक सम्बन्ध मान्न सकिन्छ। दम्पतीबिच वैचारिक सन्तुलन नहुनु पनि ठुलो चुनौती हो। समय चक्रले स्त्री अनि पुरुषबिचको द्विचरविरोधी धर्मलाई समाप्त गरिदिइसकेको छ। यस कारणले गर्दा दुवैलाई आर्थिक र सामाजिक रूपमा आत्मनिर्भर बन्ने चाहना छ। यसले गर्दा दुवैबिच वैचारिक सन्तुलन हुन पाउँदैन। नारी पुरुषबिचको द्विचरविरोधी धर्म समाप्त भए तापनि अहम्को सगरमाथा सिर्जना भएको छ। यसलाई सन्तुलित गर्नु पति पत्नीका निम्ति एउटा ठुलो चुनौति हो। प्रतिदिन सम्बन्धहरूको मान्यता र महत्त्व घट्दै गइरहेको छ। वैवाहिक सम्बन्धमा इमानदारी र विश्वासको कमी आएको देखिन्छ। दुवै पक्षबाट सम्बन्धलाई सन्तुलित राख्नका लागि उचित प्रयास गरिएको देखिँदैन। पति पत्नी दुवैले एकाअर्काबिच विश्वास दह्रो राख्न सक्नु पनि ठुलो चुनौति नै बनेको देखिन्छ।

आजका युवाहरूलाई वैवाहिक जीवनमा आउन अघि नै यसबारे उचित परामर्श दिन आवश्यक र अनिवार्य छ। घरका आमा बाबुले नै आआफ्ना छोराछोरीहरूलाई वैवाहिक जीवनको गम्भीरताबारे जानकारी गराउनु पर्छ। त्यसका साथै शैक्षणिक संस्थानले पनि यसमाथि गम्भीरतापूर्वक विचार गरेर विद्यार्थीहरूलाई वैवाहिक जीवनको मूल्य र मान्यता, सम्बन्धको महत्त्वबारे ज्ञान गराउनु पर्छ अर्थात् विद्यार्थीहरूको मनोवैज्ञानिक विकासमा शैक्षणिक संस्थानहरूले सबैभन्दा ठुलो भूमिका निर्वाह गर्नु पर्छ। आजको वैवाहिक सम्बन्ध बढ्दो रूपले खतराका स्तरमा पुगेको छ। युवा अवस्थामा नै विवाह गर्नाले थुप्रैको जीवन लथालिङ्ग बनेका घटनाहरू देखिन्छन्। युवाहरूमा आफ्नो सम्बन्ध विच्छेद भएपछि पनि कुनै अपराधबोध नदेखिनु जस्ता घटनाले उनीहरूको मनोविज्ञानमा आएको परिवर्तनबारे जान्न सकिन्छ। यो समाजिक विकासका लागि निक्कै गम्भीर चिन्ताको विषय हो। अहिलेका युवाहरू बौद्धिक र मनोवैज्ञानिक दुवै रूपले कमजोर बन्दै गइरहेका छन्। तसर्थ युवा युवतीहरूबिच आपसी सम्झौता गराउनु पनि पारिवारिक जिम्मेवारी देखिन्छ। वैवाहिक जीवनमा युवाहरू आउन अघि दिएका परामर्शले

उनीहरूमा जीवन प्रबन्धन चेतना जाग्ने छ। यस्ता परामर्शले जीवन र यसका विविध पक्षलाई गम्भीरतासित विचार गर्ने अनि जस्तै असहज, कठिन परिस्थितिमा पनि सन्तुलित बन्ने प्रेरणा दिँदछ। मूलतः युवाहरूमा आत्मविश्वासको कमी देखिन्छ। भावनात्मक सम्बन्ध र औपचारिक सम्बन्धको भेद गर्ने ज्ञान युवाहरूमा विकास हुनु आवश्यक छ।

शारीरिक र मानसिक हिंसा अन्याय र अत्याचार सहन गर्दै आफ्नो वैवाहिक जीवनलाई अघि बढाउन प्रोत्साहन दिनु भने यस पत्रको उद्देश्य होइन। वैवाहिक सम्बन्धलाई सन्तुलित राख्नका लागि आफ्नो आत्मसम्मानको बलि दिनु पनि समस्या उत्पन्न गर्नु नै हो। उत्तरआधुनिकतावादी जीवनशैलीले सबैलाई 'उत्तर' बनाएको छ। यहाँ सम्बन्धहरू पनि उत्तर छन्। त्यसैले विच्छेद र नैरन्तर्यको छेउ लागेर वैवाहिक सम्बन्ध अघि बढिरहेको छ। दाम्पत्य जीवन जीवनको प्रयोगशाला बन्दै गइरहेको छ। आजका युवाहरूमा 'सहनिवासी सम्बन्ध' (लिभ इन रिलेसन)–को धारणा लोकप्रिय हुँदै जानाको कारण उनीहरूले समाजिक व्यवस्थामा वैवाहिक उतार चढाउ देखेर नै हो। सम्भवतः अब आउने दिनहरूमा समाज पुनः प्रागैतिहासिक कालकै अवस्थामा पुग्ने छ र उत्तर कुरु र माहिष्मती राज्यको व्यवस्थाजस्तै जीवन शैली बन्ने छ। त्यसैकारण समयको अध्ययन गर्नेहरूले 'समयचक्र'–को धारणा राखेका हुन्। यो जहाँबाट सुरु भएको हो पुनः त्यसै बिन्दुमा आएर टुङ्गिने छ।

•